नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८, संख्याः १५, चैत्र १२ गते, २०८१ साल

व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका बजेट तथा योजना तर्जुमा मापदण्ड, २०८१

कार्यपालिकाबाट पारित मिति : २०८१।१२।७

**प्रस्तावना** : व्यास नगरपालिकाद्वारा दीगो विकासका लक्ष्य प्राप्तिका लागि हरेक आर्थिक वर्षको योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्दा शहरी क्षेत्र, अर्ध शहरी क्षेत्र र ग्रामिण क्षेत्र जस्ता विकासका पूर्वाधारहरु निर्माण गर्ने आधारमा न्यायोचित र समानुपातिक रुपमा बजेट वितरण गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो मापदण्ड तयार गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "व्यास नगरपालिका बजेट तथा योजना तर्जुमा मापदण्ड, २०८१" रहेको छ ।

(२) यस मापदण्ड व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "वडा" भन्नाले व्यास नगरपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

(घ) "मापदण्ड" भन्नाले व्यास नगरपालिकाको बजेट तथा योजना तर्जुमा मापदण्ड, २०८० सम्झनुपर्छ ।

(ङ) "वस्ती क्षेत्र" भन्नाले वडाहरुले विभाजन गरेका आ-आफ्ना वडाका क्षेत्र (cluster) सम्झनुपर्छ ।

(च) "शहरी वडा" भन्नाले नेपाल सरकारबाट वर्गीकरण गरिएको वडा नं.१, २, ३ र ४ लाई सम्झनुपर्छ ।

(छ) "अर्ध शहरी वडा" भन्नाले नेपाल सरकारबाट वर्गीकरण गरिएको वडा नं.५ र १० लाई सम्झनुपर्छ ।

(ज) "ग्रामिण वडा" भन्नाले नेपाल सरकारबाट वर्गीकरण गरिएको शहरी, अर्ध शहरी वडा बाहेकका वडाहरु (वडा नं.६, ७, ८, ९, ११, १२, १३ र १४) लाई सम्झनुपर्छ ।

३. **बजेट विनियोजन सम्बन्धी मापदण्ड :** (१) आन्तरिक आय, संघीय सरकारको समानीकरण एवं राजश्व बाँडफाँड अनुदान, प्रदेश सरकारको समानीकरण एवं राजश्व बाँडफाँड अनुदान, मालपोतबाट प्राप्त हुने रजिष्ट्रेशन शुल्क हरेक आर्थिक वर्षको सञ्चित रकम जस्ता निशर्त कूल आयको सुनिश्चितता हुनुपर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित कुल आयको बजेटलाई विनियोजन गर्दा केन्द्र तथा प्रदेश सरकारको समपूरक योजना, केन्द्र तथा प्रदेश सरकारको नवप्रवर्तनीय योजना तथा कार्यक्रम, सडक बोर्ड नेपालको योजना, नगरपालिकाले प्रारम्भ गरेका दायित्व सृजना भएको योजना, कार्यालयको प्रशासनिक खर्च, कार्यक्रमगत एवं शाखागत चालु खर्च जस्ता शीर्षकमा पहिला बजेट विनियोजन गरिनेछ ।

(३) उपदफा (२) बमोजिम बजेट विनियोजन गरी बाँकी रहेको बजेट मध्ये प्रत्येक वडाका लागि समानुपातिक रुपमा कम्तिमा रु.१ करोडका दरले रु.१४ करोड वडास्तरीय बजेट विनियोजन गर्न सकिनेछ । वडास्तरीय बजेटलाई देहाय बमोजिम विनियोजन गर्नुपर्नेछ :

(क) उपदफा (३) बमोजिम वडाले प्राप्त गर्ने वडास्तरीय बजेटबाट बढीमा २५ प्रतिशत चालु खर्चमा बजेट विनियोजन गरी बाँकी बजेट पूँजीगत खर्चमा विनियोजन गर्नुपर्नेछ ।

(ख) उपदफा (३) बमोजिम वडाले प्राप्त गर्ने वडास्तरीय कुल बजेटको न्यूनतम ७५ प्रतिशत पूँजीगत योजना तथा कार्यक्रममा विनियोजन गर्नुपर्नेछ ।

(ग) वडास्तरीय बजेटबाट सम्बन्धित वडाको आवश्यकताको आधारमा बजेट विनियोजन गर्दा हरेक वडाले कृषि, कृषि सिंचाई, शिक्षा, सडक, खानेपानी, विद्युत, खेलकुद, सिप विकास, क्षमता विकास, तालिम कार्यक्रम, गोष्ठी, बैठक जस्ता सबै क्षेत्रहरु समेटी बजेट विनियोजन गर्नुपर्नेछ ।

(घ) वडास्तरीय बजेटबाट नै आफ्नो वडामा भएको सडक तथा नाला सफाईको लागि बजेट विनियोजन गर्नुपर्नेछ ।

(ङ) वडाबाट वितरण हुने बजेटमा न्यूनतम १ लाखभन्दा कमको नहुने गरी बढीमा ४० वटा योजना छनोट गर्नुपर्नेछ ।

(च) वडास्तरीय बजेटबाट छुट्याइएको विपद् सम्बन्धी कार्यक्रममा चालु तर्फ न्यूनतम ५ लाख विनियोजन गर्नुपर्नेछ ।

(छ) वडाले बजेट विनियोजन गर्दा १ लाखभन्दा कम लागतका अत्यावश्यक क्षेत्रमा खर्च गर्नु परेमा चालुतर्फ विविध चालुमा बढीमा २ लाख र विविध पूँजीगततर्फ बढीमा ५ लाख राख्न सकिनेछ ।

(ज) पूँजीगततर्फ विनियोजित रकम चालुमा परिवर्तन गर्न सकिने छैन तर चालुतर्फ विनियोजित रकम पूँजीगततर्फ परिवर्तन गर्न सकिनेछ ।

(झ) सामान्यतः हरेक वडाले आफ्नो वडालाई ४ भागमा विभाजन गरेर वडाका जनप्रतिनिधिलाई संयोजन गराई सम्बन्धित क्षेत्र (Cluster) का टोल विकास समितिका अध्यक्षलाई सदस्यमा राखी वस्तीस्तरबाट हरेक

वर्षको वैशाख महिनाभित्र योजना छनोट गरेर वडा समितिमा पेश गर्नुपर्नेछ ।

(ञ) वस्ती स्तरबाट सिफारिस भई आएका योजनाहरुलाई वडा समितिले सम्बन्धित सरोकारवालाहरुसँग छलफल एवं समन्वय गरी जेठ १५ गते भित्र निर्णय गरी नगरपालिका योजना तर्जुमा समितिमा पेश गरी सक्नुपर्नेछ ।

(४) नगरमा पूँजीगत विविध फुटकर योजनाका लागि बढीमा रु.३० लाख र चालु विविध कार्यक्रमका लागि बढीमा रु.१५ लाखसम्म बजेट विनियोजन गर्न सकिनेछ ।

(५) उपदफा (२), (३) र (४) बमोजिम बजेट विनियोजन गरे पश्चात् अत्यावश्यक प्रकृतिका नगरस्तरीय योजनाहरुमा बजेट विनियोजन गरी बाँकी रहेको बजेटलाई समतामूलक आधारमा वडाको जनसंख्या, भौगोलिक क्षेत्रफल, वडाको वर्गीकरणमा आधारित भई बजेट विनियोजन गर्न सकिनेछ ।

(६) वडास्तरीय बजेटबाट सञ्चालित योजनाहरु सम्पन्न नभएसम्म विपद्, खानेपानी र जनस्वास्थ्यसँग सम्बन्धित विषय बाहेक अन्य योजना तथा कार्यक्रमको हकमा प्रत्येक दोस्रो महिनाको कार्यपालिका बैठकमा निर्णय गरिनेछ । साथै यसरी निर्णय गर्नुपूर्व निवेदन संकलन गरी सो निवेदन उपर अनुगमन गर्नका लागि एक समिति रहनेछ र सो समितिको सिफारिसका आधारमा कार्यपालिकाबाट निर्णय गरिनेछ ।

(७) लागत सहभागिताका योजनामा कम्तिमा शहरी वडाले २५ प्रतिशत, अर्धशहरी वडाले २० प्रतिशत र ग्रामिण वडाले १५ प्रतिशत नगद सहभागिता गर्नुपर्नेछ र लागत सहभागिताको एउटा योजना रु.५ लाखभन्दा कमको हुने छैन । साथै अन्य योजनाको हकमा ग्रामिण र अर्धशहरी वडामा १० प्रतिशत र शहरी वडामा १५ प्रतिशत नगद वा जनश्रमदान गर्नुपर्नेछ । तर शहरी वडाहरुको १५ प्रतिशत श्रमदान वा नगद जुट्न नसक्ने सार्वजनिक प्रकृतिका योजनाहरु (खेलकुद, धार्मिक, पर्यटन) मा नगद वा श्रमदान गर्नुपर्ने भएमा नगर कार्यपालिकाले १० प्रतिशत सहभागिता गर्न सक्नेछ ।

(८) कालोपत्रे सडकको संख्या दिनानुदिन बढ्दै गइरहेको अवस्थामा सडक बोर्ड नेपालबाट प्राप्त हुने बजेट अपुग हुन जाने हुनाले कालोपत्रे सडक मर्मतका लागि बजेटको व्यवस्था गरिनेछ ।

(९) सडकको नयाँ ट्याक (कच्ची सडक) खन्ने कार्य र निजी घर घडेरीका सडक खन्ने कार्यलाई प्राथमिकता दिइने छैन र सडक विस्तार एवं स्तरोन्नतिमा प्रयोग हुने जेसिभि, एक्साभेटर, डोजर जस्ता मेशिन नगरपालिकामा अनिवार्य सूचीकृत गराउनु पर्नेछ ।

(१०) विभिन्न समुदायका सामुदायिक नयाँ भवन र मन्दिर निर्माणमा आ.व.२०८२।०८३ का लागि बजेट विनियोजन गरिने छैन । अधुरा भवनहरुको पूर्णता दिन बजेट विनियोजन गर्न सकिनेछ ।

(११) सामान्यतया विपद् बाहेक वडा भेलाबाट छनोट भएका योजनाहरुबाट नै वडाले योजना सिफारिस गर्नुपर्नेछ । यसरी बजेट विनियोजन गर्दा आयआर्जन र रोजगारी प्रवर्द्धनलाई ध्यान दिनुपर्नेछ ।

(१२) अन्य निकायबाट प्राप्त हुने योजनाहरु सोही आर्थिक वर्षको नगर सभा हुनु अघि नै प्राप्त भएमा नगरपालिकाका प्राविधिकद्वारा योजना सञ्चालन गर्ने कार्यमा प्राविधिक सहयोग प्रदान गरिनेछ । अन्यथा नगर सभा पछि प्राप्त भएका विशेष योजना बाहेक अन्य योजनामा नगरपालिकाका प्राविधिकबाट प्राविधिक सहयोग प्रदान गर्न बाध्य हुने छैन ।

(१३) बजेट निर्माण गर्दा क्रमागत योजनाको हकमा सम्झौता भई काम प्रारम्भ भएका पाँच लाख रुपैयाँभन्दा माथिका योजनाहरु मात्र क्रमागत योजनाको रुपमा समावेश

गरी बजेट विनियोजन गरिनेछ । सम्झौता नभएका र पाँच लाख रुपैयाँभन्दा तलका योजनाहरु क्रमागत योजनाको रुपमा समावेश गरिने छैन । साथै क्रमागत योजनाहरुको योजना परिवर्तन गर्न पाइनेछैन ।

(१४) असारको सभाबाट स्वीकृत भएका योजनाहरु पौषको सभाभन्दा अगाडि संशोधन गरिने छैन ।

(१५) विपद्, मर्मत सम्भार कार्य बाहेक अन्य योजना तथा कार्यक्रममा सामान्यतया बजेट अवण्डामा राखिने छैन ।

(१६) प्राकृतिक साधन उपयोग कर अन्तर्गत ढुङ्गा गिटी वालुवाको राजश्व बाँडफाँड वापतको प्रदेश सरकारलाई दिनुपर्ने रकम समेत आन्तरिक आम्दानीमा अनुमान गरिनेछ । साथै खर्च शीर्षकमा बाँडफाँडको व्यवस्था मिलाउनुपर्नेछ ।

४. **योजना बैंक तयार गर्नुपर्ने** : (१) वडामा प्राप्त भएका सम्पूर्ण योजनाहरु वडा समितिले प्रमाणित गरी बजेट विनियोजन हुन बाँकी योजना तथा कार्यक्रमहरुलाई योजना बैंकको रुपमा राखी नगरमा योजना तथा कार्यक्रम पठाउँदा बजेट विनियोजन भएका वडास्तरीय योजना तथा कार्यक्रम सबै, नगरस्तरीय योजना तथा कार्यक्रम बढीमा ५ वटा, प्रदेशस्तरीय योजना तथा कार्यक्रम बढिमा ३ वटा र संघस्तरीय योजना तथा कार्यक्रम बढिमा ३ वटा मात्र पठाउनु पर्नेछ र नगरले पनि वडाबाट प्राप्त भएका योजनाहरु नगर सभाबाट पारित गरी बजेट विनियोजन हुन नसकेका योजना तथा कार्यक्रमहरुलाई योजना बैंकको रुपमा सुरक्षित राख्नुपर्नेछ ।

(२) प्रदेश र संघ स्तरीय समपूरक र विशेष योजनाको हकमा माघ मसान्त भित्र वडाबाट योजना छनोट गरी नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(३) आ.व. २०८२।०८३ देखि लागु हुने गरी योजना लागु गर्दा कन्टिन्जेन्सी रकम ३ प्रतिशतका दरले कट्टा गरिने छ र सो ३ प्रतिशत मध्ये १.५ प्रतिशत मर्मत सम्भार कोषमा छुट्याइने गरी कानुनमा संशोधन मिलाइने छ ।

५. **पूर्व बजेट तयारी** : हरेक आर्थिक वर्षको जेठ १० गतेसम्म नगर सभा सदस्य र सरोकारवालाहरुको सहभागितामा पूर्व बजेट तयारी बैठक राखिनेछ ।

६. **बजेट निर्माण सम्बन्धी प्रकिया** : प्रत्येक आर्थिक वर्षमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ लाई पूर्ण पालना गरिनेछ ।

७. **मापदण्ड संशोधन** : यो मापदण्डमा आवश्यकतानुसार संशोधन गर्न कार्यपालिकालाई अधिकार हुनेछ ।

८. **बाधा अड्काउ फुकाउने** : यो मापदण्डको कार्यान्वयनको क्रममा कुनै बाधा, अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा, अड्काउ फुकाउन सक्नेछ ।

९. **खारेजी र बचाउ** : बजेट तथा योजना मापदण्ड २०८० लाई खारेज गरिएको छ । सोबाट भए गरेका काम कारबाही यसै बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**
काशीराम गैरे
प्रमुख प्रशासकीय अधिकृत